# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, वैशाख १५ गते २०३८ साल

श्री ५ को सरकार

### गृह पञ्चायत मन्त्रालयको

### सूचना

श्री ५ को सरकारको मिति २०३७।१२।१४ को निर्णयानुसार जिल्ला कार्यालय, चितवनको प्रशासकीय अधिकृत श्री बयानबहादुर मास्केलाई जिल्ला कार्यालय, बैतडीको प्रशासकीय अधिकृत पदमा सरुवा गरिएको छ ।

आज्ञाले–
रामचरण प्रधानाङ्ग
श्री ५ को सरकारको उप-सचिव

श्री ५ को सरकार

### गृह पञ्चायत मन्त्रालयको

### सूचना

श्री ५ को सरकारको मिति २०३७।१२।१४ को निर्णयानुसार प्रशासन व्यवस्था विभाग, अतिरिक्त समूहका राजपत्राङ्कित तृतीय श्रेणी अधिकृत पदबाट यस मन्त्रालय वा अन्तर्गत कार्यालयमा सरुवा भै आउनुभएको श्री टेकराज शर्मालाई कर्णाली अञ्चलाधीश कार्यालयको शाखा अधिकृत पदमा पदस्थापन गरिएको छ ।

आज्ञाले–
रामचरण प्रधानाङ्ग
श्री ५ को सरकारको उप-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९८